# महादेवा गाउँपालिका
# सप्तरी

*गाउँ प्रहरी (व्यवस्थापन तथा संचालन) सम्बन्धि कार्यविधि, २०८२*

कार्यपालिकाबाट स्वीकृत मिति:-२०८२।४।१६

# गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुन:स्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण लगायतको प्रचलित कानूनले तोके बमोजिमको कार्य सम्पादन गर्न प्रतिस्पर्धाको आधारमा सेवा करारमा गाउँप्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि वाञ्छनीय भएकोले, महादेवा गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १ प्रारंम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम " गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा: (१) "अध्यक्ष" भन्नाले महादेवा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४" सम्झनु पर्दछ ।

(३) "कार्यविधि" भन्नाले महादेवा गाउँपालिकाकाको सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(४) "कार्यालय" भन्नाले महादेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(५) "गाउँ प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका गाउँप्रहरी लाई सम्झनु पर्दछ ।

(६) "समिति" भन्नाले दफा ६ (२) बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ ।

(७) "गाउँपालिका" भन्नाले महादेवा गाउँपालिकाकालाई बुझ्नुपर्दछ ।

## परिच्छेद - २ गाउँ प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. गाउँपालिका र गाउँ प्रहरीको सम्बन्ध: गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी गाउँ प्रहरी नियुक्त गरिनेछ । समस्त गाउँप्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

४. गाउँपालिकामा रहने गाउँ प्रहरीको संख्या, पद र तह : (१) गाउँपालिकामा रहने गाउँ प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा गाउँ सभाले स्वीकृत गरेको दरबन्दी बमोजिम हुनेछ ।

## परिच्छेद - ३ गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

५. गाउँ प्रहरीका काम, कर्तव्य र अधिकारहरु: (क) ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) (२) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

महादेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण

गा.पा. अध्यक्ष

१. सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने ।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ अध्यक्ष समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने ।

१२. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने। विना ईजाजत मादक पदार्थको विक्री वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने ।

१४. गाउँपालिकाकोक्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफरिस गर्ने ।

प्रमाणिकरण

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कथनाहा, सप्तरी
२ प्रदेश, नेपाल
२०७४

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

१५. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफरिस गर्ने ।

१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७. बजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा आफ्नो गाउँपालिकामा जानकारी गराउने ।

१९. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँ पालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२२. बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधानहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।

२३. गाउँपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

२५. विपद, महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

२६. गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२९. गाउँपालिकाले तोकिए बमोजिमाका अन्य कार्यहरु गर्नेरगराउने ।

प्रमुख प्रशासकीय अधिकृत

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७२

प्रमाणिकरण

गा.पा. अध्यक्ष

(ख) गाउँप्रहरी सहायक निरीक्षकले गाउँप्रहरी हवल्दार तथा जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने गाउँ प्रहरी हवल्दार तथा जवानहरुले गाउँ प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५(क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

## परिच्छेद - ४ पदपूर्ती र योग्यता

६. पदपूर्ती गर्ने तरिका: गाउँ प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ:

(१) गाउँ प्रहरी को छनौट खुल्ला प्रतियोगिताद्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला : ४० प्रतिशत

(ख) आदिवासी जनजाती : २० प्रतिशत

(ग) मधेशी : २० प्रतिशत

(ग) दलित : १० प्रतिशत

(घ) अल्पसंख्यक : १० प्रतिशत

(२) गाउँ प्रहरी को पदपूर्तीका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमूख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | अध्यक्ष |
| (ख) जिल्ला प्रहरी/स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको विज्ञ प्रतिनिधि | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्रशासन हेर्ने अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

(३) पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) छोटो सूची : गाउँ प्रहरीमा दखास्त दिने उम्मेदवारहरुको शैक्षिक योग्यता, स्थायी बसोबास, कार्य अनुभवलाई आधार मानी छुट्टा छुट्टै अंक निर्धारण गरी उम्मेदवारहरुको छोटो सूची प्रकाशन गरिनेछ ।

(अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ । जसअन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनेको अंक ४०, प्रथम श्रेणीको अंक ३५, द्वितीय श्रेणीको अंक ३०, तृतीय श्रेणीको अंक २५ कायम गरिनेछ ।

(आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । महादेवा गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बयनाहा, सप्तरी २ प्रदेश, नेपाल २०७३

प्रमाणिकरण

गा.पा. अध्यक्ष

(इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलभई कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकोलाई ५ अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

(ख) शारीरिक परीक्षण : छोटो सूचीमा परेका उम्मेदवारहरुको मात्र शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ), (च), (छ) र (ज) तथा उपदफा २ को (ङ), (च), ( छ) र (ज) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरे पश्चात मात्र उम्मेदवारहरु लाई लिखित परीक्षामा समावेश गरिनेछ ।

(ख) लिखित परीक्षा: लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ता: अन्तरवार्ताको लागि पूर्णाङ्क ३० रहनेछ । यस अनुसार अंक प्रदान गर्दान्युनतम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) समितिले एक जना अध्यक्ष वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र सम्बन्धित विषयको विज्ञ समेत रहने गरी कम्तीमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्नेछ ।

(५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षाको लागि पाठ्क्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फाराम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ङ) नियुक्तिका लागि सिफारिस गर्ने ।

७. योग्यता: (१) गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्:

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, वा कम्तिमा १० कक्षा पास भई पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पदभन्दा माथि कम्तिमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

प्रमाणिकरण

प्रमुख प्रशासकीय अधिकृत

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७२

गा.पा. अध्यक्ष

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(२) गाउँ प्रहरी हवल्दार पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:
(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ३५ वर्ष ननाघेको,
(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा १० उत्तीर्ण गरेको,
(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।
(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(३) गाउँ प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:
(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ३५ वर्ष ननाघेको,
(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,
(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।
(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

## परिच्छेद - ५ विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

८. विज्ञापन सम्बन्धी व्यवस्था: समितिले गाउँ प्रहरी पदपुर्तीको लागि विज्ञापन गर्नुपर्दा अनुसूची-१ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी, वेबसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्था: प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची- २ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नुपर्नेछ । खुल्ला र

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

समावेशी तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहनेउम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची-३ बमोजिमको प्रवेश पत्र पाउनेछन्।

१०. नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्नेः समितिले योग्यतक्रम निर्धारण गरी सोही बमोजिम सूचिकृत समेत गरी गाउँप्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ ।

११. सिफारिस तथा नियुक्तिः दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चात्पदपूर्ती समितिले नियुक्तिको लागि गाउँ कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ती दिइनेछ ।

## परिच्छेद - ६ करार सम्बन्धी व्यवस्था

१२. करार गर्नेः (१) गाउँपालिकाले छनौट भई सूचिकृत गरेका मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिको पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा ६ महिना देखि बढीमा १ वर्षसम्माका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप गरिनेछ ।

(६) गाउँप्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

(७) यस दफा विपरीतको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ ।

१३. कार्य शर्त, पारिश्रमिक र अवधिः (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण

गा.पा. अध्यक्ष

सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

(३) कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा भुक्तानी गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन ।

१४. करार समाप्ती: (१) करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

## परिच्छेद - ७ विविध

१५. गाउँ प्रहरीको सेवा र सुविधा: गाउँ प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँकार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

१६. विदा: गाउँप्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१७. पोशाक: गाउँ प्रहरीले डिउटी समयमा लगाउने पोशाक कार्यपालिकाले तोके बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

१८. डिउटी अवधि: गाउँ प्रहरीको डिउटी अवधि तोकिए बमोजिम हुनेछ । प्रत्येक गाउँ प्रहरीले तालिका बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी गर्नुपर्ने समय मिलाइनेछ ।

१९. व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकार: यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँकार्यपालिकालाई रहनेछ ।

२०. अमान्य हुने: यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा महादेवा गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७२

प्रमाणिकरण

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

अनुसूची - १

(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

**महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरी मधेश प्रदेश, नेपाल**

**गाउँ प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना ।**

(सूचना प्रकाशन मिति : .................)

महादेवा गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यपालिकाको मिति......................को निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको गाउँ प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको .......................... बैंकमा रहेको ......................खाता नं. ......................मा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

१. योग्यता (क) गाउँ प्रहरी सहायक निरीक्षकको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ३५ वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(ख) गाउँ प्रहरी हवल्दारको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको, ज्ञद्द

(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा १० उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

Sunil

प्रमाणिकरण

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

(ग) गाउँ प्रहरी जवानको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको, ज्ञद्द

(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,

(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको ।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२. दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

३. परीक्षाको किसिम: प्रारम्भिक सूची प्रकाशन, शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता ।

४. परीक्षा केन्द्र: गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

५. दरखास्त दस्तुर: तह अनुसार तोकिनेछ ।

६. तलब स्केल: गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय, महादेवा गाउँपालिका, बथनाहा, सप्तरी, मधेश प्रदेश, नेपाल २०७४

प्रमाणीकरण

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

अनुसूची - २

(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

## महादेवा गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरी मधेश प्रदेश, नेपाल

## करारको लागि दरखास्त फाराम

दरखास्त फाराम भर्न चाहेको पद :-

विज्ञापन नम्बर :-

फारम पेश गरेको कार्यालय : -

फोटो

| वैयक्तिक विवरण | नाम थर | देवनागरिकमा | | |
|---|---|---|---|---|
| | | अंग्रेजी ठूलो अक्षरमा | | लिंग |
| स्थायी ठेगाना | जिल्ला : | | गा.पा.।न.पा. | वडा नं. : |
| | टोल : | | घर।मार्ग : | सम्पर्क नं. : |
| पत्राचार गर्ने ठेगाना : | | | इमेल : | |
| बाबु । आमाको नामथर : | | | जन्म मिति : | |
| बाजेको नामथर : | | | हालको उमेर : बर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय | बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि तालिम | संकाय | श्रेणी प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | | |
| तालिम | | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालयाा | पद | सेवा समुह उपसमुह | श्रेणी तह | स्थायी अस्थायी | करार अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु ।

उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण

गा.पा. अध्यक्ष

गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्यापचे सहीछाप | | उम्मेदवारको सही र मिति | |
|---|---|---|---|
| दाँया | बाँया | | |
| | | | |
| कार्यालयले भर्ने : | | | |
| रसिद भौचर नं. | | रोल नं. | |
| दरखास्त अस्विकृत भए सोको कारण | | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत : | | | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।)

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२.समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

३.न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७४

प्रमुख प्रशासकीय अधिकृत

प्र...णीकरण

गा.पा. अध्यक्ष

## अनुसूची - ३
(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

## महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरी मधेश प्रदेश, नेपाल
## गाउँ प्रहरी परीक्षा प्रवेशपत्र

(...................................... पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

(क) विज्ञापन मिति :-

(ख) विज्ञापन नं. :-

(ग) दर्ता, नम्वर :-

(घ) नाम,थर र ठेगाना :-

(ङ) उमेर :-

(च) श्रेणी, तह :-

(छ) उम्मेदवारको दस्तखत नमूना :-

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ ।

परीक्षा केन्द्र :-

अधिकृतको दस्तखत :-

मिति :-

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७३

प्रमाणिकरण

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

अनुसूची - ४

(दफा १२ (२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

## महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा सप्तरी मधेश प्रदेश, नेपाल

## करार सम्झौता

महादेवा गाउँ कार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ................... जिल्ला,............................ ......................... नगरपालिका/गाउँपालिका, वडा नं ____ बस्ने श्री ........................................ (यसपछि दोश्रो पक्ष भनिएको) बीच महादेवा गाउँपालिकाको गाउँ प्रहरी को कामकाज गर्न गराउन मिति ................................ को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

शर्तहरू

१. कामकाज सम्बन्धमा: दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. काम गर्नुपर्ने स्थान: महादेवा गाउँपालिका भौगोलिक क्षेत्रभित्र ।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक तथा सेवा सुविधा: प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु.................... (अक्षरेपी रु. ................. ..................................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. आचरणको पालना: दोश्रो पक्षले महादेवा गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. बिदा: सेवा करारमा नियुक्त गाउँ प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकूल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य बिदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षा: दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यता: दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखि कानून बमोजिम कारवाही गरिनेछ ।

८. करार अवधि: यो करार मिति ............................... देखि लागु भई मिति ..................... सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १२ (५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७९

प्रमाणिकरण

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

१०.पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११.दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन र गर्ने छैन ।

१२.प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट :
हस्ताक्षर :
नाम, थर :
पद :

दोस्रो पक्ष (करार गर्ने व्यक्ति) :
हस्ताक्षर :
नाम, थर :
ठेगाना :

साक्षीहरु
हस्ताक्षर :
नाम, थर :
पद :

इति सम्वत्......रोज..... शुभम्............. ।

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७४

प्रमाणिकरण

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

अनुसूची - ५

(दफा १२ (३) सँग सम्बन्धित पत्रको ढाँचा)

**स्थानीय सरकार**

**महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**बथनाहा सप्तरी मधेश प्रदेश, नेपाल**

च.नं. मिति :

प.सं.

श्री................................, ....................................।

**विषय : नियुक्ति सम्बन्धमा ।**

तपाईलाई मिति २०७..../...../...........निर्णयानुसार सूचिकरण गरिए बमोजिम ..................................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्फौता) बमोजिम मिति २०८...../....../..... देखि २०८..../......./.....सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस महादेवा गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ ।

नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

(१) श्री आर्थिक प्रशासन शाखा: प्रमाणित हाजिर र कार्यविवरण सहितको प्रतिवेदनका आधारमा सम्फौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

(२) श्री प्रशासन शाखा: हाजिरीको व्यवस्था हुन ।

महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७४

**प्रमाणिकरण**

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष